Pranayan, Vol. 26, No. 8, 2025
ISSN (Print) : 2505-0818
Submitted Date : April 15, 2025
Accpted Date : June 05, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# सांस्कृतिक परम्परामा मगर विवाह संस्कार

**डम्बरबहादुर पुन[*]/ डा. दावा शेर्पा[**]**


## सार

प्रस्तुत अनुसन्धानमूलक लेख नेपालमा बसोबास गर्ने मगर समुदायमा गरिने विवाह संस्कारका विषयमा केन्द्रित रहेको छ । विभिन्न समुदायका मानिसका विवाह संस्कारका बारेमा चर्चा गरिएको भए तापनि हालसम्म मगर समुदायको विवाह संस्कारका बारेमा चर्चा नगरिनु यस अध्ययनको मूल समस्या हो भने मगर समुदायमा विद्यमान रहेको विवाह संस्कारको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो । मगर विवाह संस्कारसँग सम्बन्धित सामग्रीको सङ्कलनका लागि क्षेत्र कार्यअन्तर्गत अवलोकन र सामूहिक छलफल कार्यका साथै नमुना छनोट विधिअन्तर्गत हिम गोल नमुना छनोट विधिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीको निर्मलीकरण गर्न विश्लेषणात्मक विधिको सहायता लिइएको छ । यस लेखमा मगर समुदायमा प्रचलित मागी विवाह, भागी विवाह र चोरी विवाह पद्धतिका विषयमा चर्चा गर्नु यसको परिणाम हो । परिणाम प्राप्तिका लागि विवाहका क्रममा गरिने विभिन्न प्रकारका विधिहरू माइती विवाह, घर विवाह, साइमासो, मगनी, बनबाख्री, सोरकोऱ्या, भित्र पस्न जाने, पाइला फर्काउने आदिको छलफलसमेत यस अध्ययनमा गरिएको छ । मगर समुदायमा प्रचलित विवाह संस्कार मौलिक प्रकृतिको रहेको पाइन्छ । दुलहीका घरमा गरिने विवाहलाई माइती विवाह र दुलाहाका घरमा गरिने विवाहलाई घर विवाह भनिन्छ । मगर समाजमा पहिलो चरणमा सानो विवाह र दोस्रो चरणमा ठूलो विवाह गर्ने परम्परा रही आएको पाइन्छ । भागी विवाह गरिएको अवस्थामा विवाहका लागि स्वीकृति लिने र विवाहलाई औपचारिकता प्रदान गर्ने उद्देश्यले बनबाख्री भनेर बोका वा खसी लिएर केटी पक्षका घरमा केटा पक्षका जिम्मेवार व्यक्तिहरू जाने चलन छ । यसलाई विवाहका लागि पूर्व स्वीकृति वा सोधनी पनि भन्ने गरिन्छ । यसै गरी भागी विवाह गरेको भएमा दुलाहाको घरमा विवाह सम्पन्न भएपछि छाङ्रा खाने वा ढोगभेट फुकाउने सल्लाहका लागि ससुराली घरमा जाने प्रचलन मगर समुदायमा पाइन्छ । यस्तो कार्यलाई सोरकोऱ्या


* **उपप्राध्यापक/सदस्य, त्रिवि अनुगमन निर्देशनालय** dambarpun06@gmail.com

** **सहप्राध्यापक, महेन्द्र रत्न क्याम्पस, ताहाचल,** sherpadawa2023@gmail.com

लैजाने भनिन्छ । मगर समुदायमा विवाह कार्यक्रम सकिएपछि दुलाहा, दुलही लगायतका पाँच, सात, नौ वा एघार जना व्यक्तिहरू रोटी, कसार, रक्सी लिएर माइतीका घरमा जाने प्रचलन छ । यो विवाह गरेको तीन दिनदेखि एघार दिनसम्म बिजोर दिनमा मात्र जाने गरिन्छ । घरभित्र पसेर फर्केको केही दिनपछि पाइला फर्काउने भनेर पुनः दुलाहा, दुलही मात्र माइती घरमा जाने प्रचलन मगर समुदायमा पाइन्छ । कुनै निश्चित पुरेत बिना समाजका जान्नेमान्ने व्यक्तिको सहकार्यबाट मगर विवाह सम्पन्न गरिन्छ । दुबै पक्षका व्यक्तिले तरवार लिएर खँरा खेल्नु, जन्तीलाई केराका बोटको मादल भिराइदिनु, भेडेकुराको टोपी र इस्टेकोट लगाइदिनु, सालका पातको झोली भिराइदिनु मगर विवाह विधिका मौलिक पहिचान हुन् । माइती घरमा गरिने भोजको व्यवस्था दुलाहा पक्षले नै गरिदिने, कोसेली वा छाङ्रा साटासाट गर्ने, सम्पूर्ण कोसेली आफन्तजनले बाँडेर खाने र दाइजो वा उपहार सामूहिक रूपमा दिने पद्धति पनि मगर विवाहको आफ्नै पहिचान हो ।

*शब्द कुञ्जी :* गलामफेट, साइमासो, मगनी, सोधनी, सोरकोऱ्या, छाङ्रा

## विषय परिचय

विवाह भनेको महिला र पुरूषका बिचमा पतिपत्नीको सम्बन्ध गराउने धार्मिक तथा सामाजिक कार्य हो । विवाह संस्कारलाई मगर भाषामा गलामफेट वा गलाम भेट भनिन्छ । यो मानवीय जीवनमा महत्त्वपूर्ण संस्कारका रूपमा रहेको भेटिन्छ । विश्वभरिका मानिसहरूका आ-आफ्नै प्रकारका विवाह संस्कार पाइन्छन् । नेपालमा बसोवास गर्ने विभिन्न जातजातिमा पनि आ-आफ्नै प्रकारको विवाह संस्कार रहेको देखिन्छ । यस अनुसन्धानात्मक लेखमा नेपालमा बसोवास गर्ने मगर जातिको विवाह संस्कारका बारेमा अध्ययन गरिन्छ । मगरहरू नेपालमा बसोवास गर्ने विभिन्न जातजातिहरूमध्ये सङ्ख्यात्मक रूपमा तेस्रो स्थानमा र जनजातिहरूमध्ये पहिलो स्थानमा रहेको भेटिन्छ (सिङ्जाली मगर, २०८१) । मगर जातिमा विवाह संस्कार महत्त्वपूर्ण संस्कारको रूपमा रहेको पाइन्छ । सुरूसुरूमा मागी विवाह, भागी विवाह र चोरी विवाह प्रचलनमा रहेको भए तापनि हाल आएर मागी विवाह र भागी विवाह मात्र अस्तित्वमा रहेको पाइन्छ । उपस्थित जान्ने-मान्ने व्यक्तिको सहकार्यबाट मगर विवाह सम्पन्न गरिन्छ । दुलही पक्षका व्यक्ति र दुलाहा पक्षका व्यक्तिले तरवार लिएर खँरा खेल्नु, जन्ती पक्षलाई केराका बोटको मादल भिराइदिनु, भेडेकुराको टोपी र इस्टेकोट लगाइदिनु, सालका पातको झोली भिराइदिनु मगर समुदायका मौलिक विवाह विधि हुन् । यसरी गरिएको मगर विवाह संस्कारको अध्ययन मगर विवाहसम्बन्धी अध्ययन गर्न चाहाने अध्येताका लागि उपयोगी हुने देखिन्छ ।

## अनुसन्धान विधि

मगर विवाह संस्कारको विषयमा गरिएको प्रस्तुत अध्ययन वर्णनात्मक अध्ययनमा आधारित छ । यसमा मगर विवाह संस्कार सम्पन्न गर्ने अवधारणात्मक पक्षको चर्चा मात्र गरिएको छ । मगर समुदायको विवाह संस्कारसम्बन्धी अध्ययन गरिएकाले यो गुणात्मक अध्ययनकार्य हो । यस अध्ययनमा हालसालै मगर जातिमा प्रचलनमा रहेको विवाह संस्कारको मात्र अध्ययन गरिएको र यसले ऐतिहासिक विकासक्रम नदेखाउने भएकाले यो अध्ययन कार्यमा वर्तमानकालिक एकरेखीय पद्धति (श्रेष्ठ, २०७७, पृ.१४६) अँगालिएको छ । छिटपुट रूपमा भने यसको ऐतिहासिक पक्षको सामान्य चर्चा गरिएको छ । यस अध्ययनको अध्ययन क्षेत्र मगर जातिको सामाजिक अवस्था हो भने यसको अध्ययन समस्या मगर

समुदायमा गरिने विवाह संस्कारको अध्ययन गर्नु हो । प्रस्तुत अध्ययनकार्य सम्पन्न गर्न मगर बस्तीमा गई सामग्री सङ्कलन गरिएकाले यसका लागि क्षेत्रीय अध्ययन कार्यअन्तर्गत अवलोकन र सामूहिक छलफल कार्यका साथै नमुना छनोट विधिअन्तर्गत हिम गोल नमुना छनोट विधिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीको निर्मलीकरण गर्न विश्लेषणात्मक विधिको सहायता लिइएको छ । अध्ययन विधिसम्बन्धी यिनै प्रधान कार्यहरूको उपयोग यस लेखमा गरिएको छ ।

## अवधारणात्मक पर्याधार

*सांस्कृतिक परम्परामा मगर विवाह संस्कार* शीर्षकको अनुसन्धनात्मक लेख सिद्धान्तमा आधारित नभएर अवधारणामा आधारित लेख हो । संस्कार सिद्धान्त नभएर अवधारणा भएकाले यहाँ यही संस्कार अवधारणाको चर्चा गरिन्छ । सामान्य अर्थमा संस्कार भन्नाले मानवीय जीवनलाई शुद्ध वा पवित्र पार्नु भन्ने बुझिन्छ । वर्तमान जीवनलाई सार्थक बनाउन र सौन्दर्यपूर्ण पुनर्जीवन प्राप्तिका लागि मानिसद्वारा गरिने जीवन चक्रीय कर्म नै संस्कार हो । मानव जीवनशैलीलाई शुद्ध वा व्यवस्थित बनाउन हरेक समुदायले अनेकौँ प्रकारका संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ । यसले मानिसलाई अनुशासित तबरले जीवन पद्धतिमा डोऱ्याउने काम गर्दछ । मानिसले शारीरिक, मानसिक तथा आत्मिक उन्नति एवम् शान्तिका लागि जन्मदेखि मृत्युसम्ममा अनेकप्रकारका जातीय एवम् धार्मिक परम्पराअनुसारका संस्कारहरू सम्पन्न गर्ने गरेको पाइन्छ । यसले मानिसलाई अनुशासित, मर्यादित, विनयी, विनम्र र असल नागरिक बनाउन विशेष भूमिका खेलेको हुन्छ । ब्राह्मण जातिका वैदिक विधिअनुसारका गर्भाधानदेखि मृत्युसम्मका सोह्र संस्कार भए जस्तै मगर जातिका पनि फुन्नाओ रोस (गर्भाधान) देखि सीनाऊ छ्याप (मृत्यु) सम्मका संस्कारहरू रहेको पाइन्छ (श्रीस, २०६७, पृ.पृ.७८-९५) । अन्य जातजातिका संस्कारहरू पनि आ-आफ्नै प्रकारका रहेको भेटिन्छ । यी संस्कारहरूमध्ये विवाह संस्कार एउटा महत्त्वपूर्ण संस्कार हो । केटाकेटीको उमेर पुगेपछि एकअर्कालाई आफ्नो जीवनभर साथी बनाउन विवाह संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ । फरक फरक घरका युवायुवतीलाई एउटै घरको बनाउने र फरक फरक थर र गोत्र भएका युवायुवतीलाई एउटै थर र गोत्रमा समाहित बनाउने काम विवाह संस्कारमा गरिन्छ । युवायुवतीको परिचयदेखि विवाहसम्म अनेकप्रकारका विवाहसम्बन्धी विधिहरू विवाह संस्कारमा गरिन्छ । संसारमा रहेका विभिन्न प्राणीमध्ये यसप्रकारको संस्कार मानिसले मात्र गर्ने गरेको देखिन्छ । विश्वभरिका मानिसहरूले आ-आफ्नै प्रकारले विवाह संस्कार सम्पन्न गरेको पाइन्छ । विभिन्न जाति, धर्म, सम्प्रदायका व्यक्तिमा पाइने विवाह संस्कारमध्ये मगर विवाह संस्कार पनि एक हो । मगर जातिमा रहेको विवाह संस्कारमा केन्द्रित रहेर प्रस्तुत अनुसन्धानमूलक लेख तयार गरिएको छ ।

## परिणाम र छलफल

मगर समुदायमा सम्पन्न गरिने विवाहहरूमा मागी विवाह, भागी विवाह र चोरी विवाह प्रमुख रूपमा रहे पनि हाल आएर मागी विवाह र भागी विवाह मात्र अस्तित्वमा रहेको भेटिन्छ । चोरी विवाह भने चेतनाको विकास क्रमसँगै मगर समुदायबाट हटेर गएको देखिन्छ । पहिलो चरणमा सानो विवाह र दोस्रो चरणमा ठूलो विवाह सम्पन्न गर्नु, साइमासो, मगनी, बनबाख्री, सोरकोऱ्या, भित्र पस्ने, पाइला फर्काउनेजस्ता विधिहरू मगर समुदायका प्रमुख विवाह विधिहरू हुन् । कुनै निश्चित पुरेत बिना समाजका जान्ने-मान्ने व्यक्तिको सहकार्यबाट मगर विवाह सम्पन्न गरिन्छ । तरवार लिएर खाँरा खेल्नु, केराका

बोटको मादल भिराइदिनु, भेडेकुराको टोपी र इस्टेकोट लगाइदिनु, सालका पातको झोली भिराइदिनु मगर समुदायका मौलिक विवाह विधि हुन् । यस अध्ययनको मूल परिणाम यही हो । यसप्रकारको मगर विवाह संस्कारका परिणाम प्राप्तिका लागि निम्नानुसार छलफल गरिन्छ–

## परम्परागत मगर विवाह

मगरहरूले परम्परागत रूपमा मामा चेली र फुपू चेलाका बिचमा विवाह गर्ने प्रचलन रहेको पाइन्छ । अपवादको रूपमा डोल्पामा बस्ने काइके भाषी मगरहरूमा मामा चेली र फुपू चेली दुबैसँग विवाह गर्ने प्रचलन रहेको देखिन्छ । अन्य मगर समुदायमा भने फुपू चेली दिदीबहिनी साइनो लाग्ने हुँदा वैवाहिक सम्बन्ध दण्डनीय मानिन्छ (श्रीस, २०६७, पृ. ८२) । मगर समुदायमा मामाकी छोरीलाई आफूभन्दा सानो उमेरको भएमा साली र ठूलो उमेरको भएमा भाउजू नाता गर्ने प्रचलन छ । छन्त्याल समुदायमा भने भान्जी विवाह गर्ने प्रचलन छ (घर्ती मगर, २०६४, पृ.२६) । मगर समुदायमा पत्नीका आमाबुबा आदिलाई मामामाइजू नाता गर्ने र पतिका आमाबुबा आदिलाई फुपूफ्वाजु नाता गर्ने गरेको पाइन्छ । यसै गरेर मामाका छोराहरूलाई छोरा मान्छेले जेठान, साला र छोरीहरूलाई भाउजु, साली नाता गरेको पाइन्छ भने छोरी मान्छेले छोराहरूलाई दाजुभाइ र छोरीहरूलाई भाउजु बुहारी भन्ने गरेको देखिन्छ । हाल आएर कतिपय मगर समुदायमा भने पतिपत्नीका आमाबुबालाई सासूससुरा भन्ने गरेको पनि देखिन्छ । केटा पक्ष र केटी पक्षका लागि पहिलो प्राथमिकतामा मामा चेली र फुपू चेला पर्ने भए तापनि त्यसभन्दा बाहिर गएर पनि विवाह गर्ने प्रचलन मगर समाजमा रहेको भेटिन्छ । यस्तो अवस्थामा जसले बाहिर विवाह गर्न चाहन्छ उसले विवाह फुकुवा माग्नु पर्ने हुन्छ । सामान्यतय उमेरका कारणले र केही घरमा अन्य कारणले पनि विवाह फुकुवा माग्ने गरेको देखिन्छ । विवाह फुकुवा माग्दा रक्सी, रोटी र कसार लिएर जाने प्रचलन छ । विवाह फुकुवा नमागी मामा चेली फुपू चेला जसले अन्य व्यक्तिसँग विवाह गर्छ, उसले बाटो छाडेर कुबाटो लागेको भनेर जरिवाना स्वरूप रूपैँया लिने दिने गरेको पाइन्छ । कतिपय स्थानमा यसलाई साइनो मिचाउनी भनेर जरिवाना स्वरूप माइतीलाई खसी दिएको पनि पाइन्छ (घर्ती मगर, २०६४, पृ.२४) । हाल आएर रोल्पा, रूकुम, दोलखा लगायतका केही स्थानका मगर समुदायमा बाहेक अन्य स्थानका मगरहरूमा यसप्रकारको परम्परा रहेको देखिँदैन । केही दशक पहिलेसम्म दाजुको मृत्यु भएमा विधवा भाउजू र देवरको बिचमा हुने विवाहलाई पनि मगर समाजले सहज रूपमा स्वीकार गरेको पाइन्थ्यो । यसप्रकारको विवाह पनि हाल अस्तित्वमा रहेको देखिँदैन । विधवा विवाहलाई भने हालसम्म पनि मगर समुदायले सहज रूपमा स्वीकार गरेको देखिन्छ ।

मागी विवाह भनेको दुलाहा दुलहीका लागि अभिभावक वा आफन्तले प्रस्ताव राखेर गरिने विवाह हो । केही दशक पहिलेसम्म यसप्रकारको विवाह व्यापक प्रचलनमा रहेको भए तापनि हाल आएर अत्यन्त न्यून अवस्थामा प्रचलनमा रहेको देखिन्छ । भागी विवाह भनेको युवा युवतीले एकापसमा प्रेम गरेर अभिभावकको स्वीकृति विना भागेर गर्ने विवाह हो । कसै कसैले यसप्रकारको विवाहलाई प्रेम विवाह पनि भन्ने गरेको पाइन्छ । प्रेम विवाह भागेर मात्र नभई अभिभावकको स्वीकृतिमा नभागेर पनि गरिने भएकाले भागी विवाहलाई एकप्रकारको प्रेम विवाह शब्द प्रयोग गर्न उपयुक्त हुन्छ । यस्तो विवाह पद्धति हालसम्म पनि प्रचलनमा रहेको पाइन्छ । मगर समाजमा रहेको अर्को विवाह पद्धति हो चोरी विवाह । चोरी विवाह भनेको युवतीको स्वीकृति बिना युवकहरू मिलेर जबरजस्ती अपहरण शैलीमा गरिने विवाह हो । लुकीछिपी युवतीलाई अपहरण शैलीमा घरमा लिएर विवाह गर्ने भएकाले यसप्रकारको विवाहलाई

चोरी विवाह भनिएको हो । अभिभावकको स्वीकृति बिना गरिएको विवाह राजी वा बिराजी कस्तो खालको विवाह हो भनेर युवती पक्षका व्यक्तिहरू युवकका घरमा गएर सोध्ने गरिन्छ । यदि युवतीको सहमति बिना अपहरण शैलीमा गरिएको विवाह रहेछ भने त्यसलाई बिराजी भनिन्छ । यस्तो अवस्थामा युवती पक्षले युवतीको चाहनाअनुसार उसलाई फर्काएर लैजाने वा युवककै घरमा छाडेर युवकलाई जरिवाना गर्ने भन्ने निर्णय लिएको पाइन्छ । युवती फर्कन चाहेमा उसलाई केटाबाट शिर भराई आफ्नो घरमा लगेर अन्यत्र विवाह गरिदिने गरेको पनि भेटिन्छ । केटीलाई फर्काएर माइती घरमा लगेमा केटाबाट शिर भराइन्छ भने केटीले सोही घरलाई स्वीकार गरेमा बिराजी स्वरूपको सजाय गर्ने (खसी वा बोका लिने) प्रचलन अठार मगरातमा पाइन्छ । तत्कालीन अवस्थाका धेरैजसो युवतीहरूले चोरी विवाहलाई पनि स्वीकार गरेर युवककै घरमा बसेको पनि पाइन्छ, माइतीसँग फर्किएको देखिँदैन । यदि युवतीको चाहनाअनुसार विवाह भएको रहेछ भने यस्तो विवाहलाई चोरी विवाह नभनी भागी विवाह मान्ने गरेको देखिन्छ । काइके मगर समुदायमा भने आफूले मन पराएको फुपूको छोरालाई केटीले जबरजस्ती तानेर घरज्वाइँ बनाउने चलन पनि थियो (घर्ती मगर, २०६४,पृ.२८) । यसप्रकारको चोरी विवाह पद्धति मगर समुदायमा केही दशक पहिले रहेको भए तापनि हाल प्रचलनमा रहेको देखिँदैन ।

मगर समुदायमा बहुविवाह र विधवा विवाह पनि प्रचलनमा रहेको पाइन्छ । केटा मान्छेले बहुविवाह गरेमा जेठी श्रीमतीका लागि रजाग दिने चलन छ । रजाग भनेको सौता थपिदिए बापत् जेठी श्रीमतीलाई उपलब्ध गराउने चल अचल सम्पत्ति भन्ने बुझिन्छ । यस्तो सम्पत्ति अंशबण्डा गर्दा अरूले दाबी गर्न नपाउने मगर समुदायमा प्रचलन छ । केटी मान्छेले बहुविवाह गरेमा भने पहिलो पतिलाई निजको धनसम्पत्ति फिर्ता गर्नका साथै जारी भनेर रूपैँया दिने गरिन्छ । यसप्रकारको विवाहलाई जारी विवाह पनि भनिन्छ । जारी विवाह गरेकी युवतीले फेरी विवाह गरेमा त्यस्तो विवाहलाई विजारी विवाह भनिन्छ । विजारी विवाह गरेर जारी तिर्नु परेमा दोस्रो पतिलाई तेस्रो पतिले पहिलो पतिले प्राप्त गरेको आधा रकम मात्र दिने परम्परा मगर समुदायमा पाइन्छ । हाल आएर मगर समुदायमा बहुविवाहको प्रचलन भने एकदमै न्यून हुँदै गएको देखिन्छ । विधवा विवाहलाई भने मगर समुदायले निर्धक्कसँग स्वीकार गरेको पाइन्छ ।

## मगनी, साइमासो र जारी

मगर समुदायमा विवाहको प्रारम्भिक चरणमा विवाहका लागि युवतीलाई विवाह स्वीकृतिका लागि कुराकानी राख्ने र कुरा मिलेपछि मगनी गर्ने र साइमासो दिने परम्परा छ । पछाडि विवाह गर्ने गरी आर्य समाजको जनै सुपारी वा पश्चिमाहरूको एङ्गेजमेन्ट जस्तै मगर समुदायले मगनी गर्ने गरेको पाइन्छ । कतिपय मगरहरूले सामाजिक अन्धविश्वास र अज्ञानताका कारण दोष काट्न र अनिष्टबाट बच्न शिशु अवस्थामा मगनीकै रूपमा धागो बाँध्ने प्रचलन पनि रहेको देखिन्छ । फुपू नाता पर्नेका छोराका नाममा धागो बाँधिदिनुका साथै उनीहरूकै छोराका नाममा लोहारद्वारा बालाले बाँधिदिने, सुनारद्वारा सुनले बाँधिदिने र परियारद्वारा कपडाले बाँधिदिने परम्परा पनि मगर समुदायमा रहेको पाइन्छ । धागोलगायतका वस्तुले बाँधेका व्यक्तिहरू वयस्क भएपछि कतिपयले विवाह पनि गरेको भेटिन्छ । लोहार, सुनार र परियारले बाँधेका व्यक्तिलाई भने सम्बन्धित व्यक्तिलाई फुकाउन लगाएर मात्र आफूले मन पराएको व्यक्तिसँग विवाह गर्ने गरेको देखिन्छ । मगनीलाई मगर भाषामा ङीहीके नूङ्के भनिन्छ । मगनीका समयमा युवक पक्षका व्यक्तिहरू रक्सीका साथमा रोटी, कसार लिएर युवतीका घरमा गइन्छ । यसपछि युवतीका घरमा युवक र युवतीलाई टीका लगाइदिएर भावी श्रीमान् श्रीमती भएको घोषणा गरिन्छ । यस अवस्थामा युवतीलाई

युवकले विवाह गर्ने पक्का भएको भनी नगद रूपैँया पनि दिने गरेको देखिन्छ । यसप्रकारको रकमलाई साइमासो, साई, साइपाटो, बैना पनि भन्ने गरेको पाइन्छ । यस्तो साइमासो मगनी नभएको अवस्थामा पनि प्रेमीले प्रेमिकालाई दिने गरेको भेटिन्छ । साइमासो स्वरूप दिएको रकम युवकका कारणले विवाह हुन नसकेमा युवतीले सो रकम पच गर्ने र युवतीका कारण विवाह हुन नसकेमा युवतीले युवकलाई जारीखत स्वरूप दुईगुणा बढी रकम दिने बाचा गरिएको हुन्छ । कुनै कुनै अवस्थामा भने मगनी गरेकी युवतीले अरू युवकसँग विवाह गरेमा निजकी बहिनी वा बहिनी नाता पर्नेलाई युवायुवतीको मन मिलेमा विवाह गरिदिने प्रचलन पनि मगर समुदायमा रहेको पाइन्छ । यसप्रकारको विवाहलाई साटी विवाह भन्ने गरिन्छ । साटी विवाह गरेमा युवकलाई जरिवाना वा जारी दिनु पर्दैन ।

मगनी गरेकी वा साइमासो लगाएकी युवती अर्कैसँग विवाह गरेमा वा विवाहित महिलाले अर्कै युवकसँग विवाह गरेमा जारी खाने प्रचलन छ । जारी स्वरूप दोस्रो युवकले पहिलो युवकलाई उसको युवतीले लिएको सम्पूर्ण धनमालका साथै जरिवाना स्वरूप नगद रूपैँया दिने गरिन्छ । यसलाई जारी खत सजाय भनिन्छ । जारी खत नमिल्दासम्म दोस्रो युवक पहिलो युवकका नजिकमा देखिनु हुँदैन । यदि पहिलो युवकले निजलाई जार साँधेमा वा मारेमा कुनै सजाय गर्नु हुँदैन भन्ने मान्यता मगर समाजमा रहेको पाइन्थ्यो (घर्ती मगर, २०६४, पृ.३०) । हाल आएर यसप्रकारको जार साँध्ने परम्परा भने समाजबाट हटी सकेको छ ।

## सोधनी र बनबाखी

भागी विवाह गरिएको अवस्थामा केटा पक्षका मान्छेहरू विवाहका लागि स्वीकृति लिन र विवाहलाई औपचारिकता प्रदान गर्ने उद्देश्यले बनबाखी भनेर बोका वा खसी लिएर केटी पक्षका घर जिम्मेवार व्यक्तिहरू जाने चलन छ । यसलाई विवाहका लागि पूर्व स्वीकृति वा सोधनी भन्ने गरिन्छ । मगर भाषामा यसलाई गीनक्हे भनिन्छ । कतिपय मगर समुदायमा केटी भगाएको तीन दिनसम्म माइतीलाई सोधनी भएन भने माइती पक्षले आफ्नी छोरी हराएको आरोपमा सम्बन्धित निकायमा उजुरी दायर गर्ने र कार्वाहीसमेत गराउने गरेको पाइन्छ । यसरी सोधनी गर्न जाँदा केटा पक्षका अनुभवी, चलाख र बोल्न सक्ने व्यक्ति माइती घरमा गएर अति नै नम्र भाषामा हजुरकी चेलीलाई हामीले बुहारी बनाउन लागेको भनेर जाहेर गरेको देखिन्छ (सन्देश मगर, २०७६) । यसलाई मगर समुदायमा माइती सोझ्याउने पनि भन्ने गरेको पाइन्छ । केटा पक्षले आफ्ना कुरा राखी सकेपछि केटी पक्षहरू राजी खुशी भएमा बन बाखीलगायतका रोटी, रक्सी आदि सामग्रीहरू स्वीकार गर्छन् । यसो भएमा विवाहका लागि स्वीकृति दिएको मानिन्छ । माइती सोझ्याई सकेपछि घरमा आई विवाह गरी दुलहीलाई घर भित्र्याएर कुल गोत्रसँग मिसाउने चलन छ । यसरी दुलहीलाई संगोत्री बनाउने गरिन्छ ।

## सानो विवाह र ठूलो विवाह

अधिकांश मगर समुदायमा विवाह संस्कार दुई चरणमा सम्पन्न गर्ने प्रचलन रहेको पाइन्छ । सामान्यतया पहिलो चरणमा गरिने विवाहलाई सानो विवाह र दोस्रो चरणमा गरिने विवाहलाई ठूलो विवाह भनिन्छ । यदि एउटा चरणमा मात्र विवाह गर्नुपर्ने अवस्था आएमा ठूलो विवाह गर्ने गरिन्छ । मगर समाजमा सानो विवाहलाई अवैध विवाह र ठूलो विवाहलाई वैध विवाह पनि भन्ने गरेको पाइन्छ । युवती पक्षले आफूले खानु पर्ने वस्तु छाङ्रा वा कोसेली नखाईकन र दाइजो पनि नदिईकन टीका, टाला र

ढोगभेट मात्र खुल्ला गर्ने उद्देश्य लिएर गरिएको विवाहलाई सानो विवाह भनिन्छ । कतिपय स्थानमा भने यसलाई टीका फुकाउने वा मुख बोलाउने पनि भन्ने गरेको देखिन्छ । विशेष गरेर तत्काल विदेश जानुपर्ने भएमा, घरपरिवारको कुनै सदस्य विदेशबाट आउन समय लाग्ने भएमा, राम्रो लगन पर्खनु पर्ने भएमा, छोरीले घर गरेर खान सक्ने नसक्ने अवस्थाको मूल्याङ्कन गर्नुपर्ने भएमा यस्तो विवाह गर्ने गरेको देखिन्छ । यस अवस्थामा सानो सङ्ख्यामा जन्ती आएर दुलही लिएर जाने गरेको पाइन्छ । यसप्रकारको विवाहमा कतिपय स्थानमा टीकाटाला वा ढोगभेट फुकाउने गरेको देखिँदैन । विवाहको अतिरिक्त बोझ धान्न नसक्ने कतिपय परिवारले यसै समयमा पनि विवाह टुङ्ग्याइदिने प्रचलन छ । धेरैजसो मगर परिवारले भने घरायसी एवम् पारिवारिक वातावरण अनुकूल भएपछि वा छोरीले सन्तानहरूको जन्म दिएर घर गरिखाने पक्कापक्की अवस्था देखिएमा अर्को चरणमा ठूलो विवाह धुमधामका साथ गर्ने गरेको भेटिन्छ । अठार मगराततिर आफ्नो छोरीबाट बच्चा जन्मिएपछि मात्र ठूलो विवाह गरेर दाइजो दिने गरेको पाइन्छ । भान्जा विश्वासी देखिए भने बच्चा जन्मनु अगाडि पनि ठूलो विवाह गरेर दाइजो दिएको देखिन्छ (घर्ती मगर, २०६४, पृ.२८) । यस अवस्थामा माइती पक्षले भाइचार, मावलीचार, फुपूचार, सङ्गिनाचार भनेर पावर (कोसेली) खाने र दक्षिणा स्वरूप नगद रूपैँया र भाँडाकुँडा, गाग्री, ताउला, थाल, बटुकालगायतका सामग्रीहरू दाइजोका रूपमा दिने गरेको पाइन्छ । यसप्रकारको दाइजो माइती एकलैले नभई सम्पूर्ण आफन्तहरूले आफ्नो इच्छाअनुसारका सामग्री दिने गरेको भेटिन्छ । ठूलो विवाहलाई पश्चिम बाग्लुङमा ठूलो व्याहा वा छाङ्रा खाने र दक्षिण रोल्पा र सल्यान तिर भने ढोग फुकाउने व्या पनि भनेको पाइन्छ । ठूलो विवाह हुने समयमा सामान्यतया दुलाहा दुलहीका छोराछोरी ठूलाठूला भएका देखिन्छन् । बाजागाजाका साथ गरिने यसप्रकारको विवाह पनि अत्यन्त रमाइलोसँग सम्पन्न गर्ने गरेको पाइन्छ ।

## सोरकोऱ्या

सोरकोऱ्या भनेको भागी विवाह गरेको भएमा दुलाहाको घरमा विवाह सम्पन्न भएपछि छाङ्रा खाने वा ढोगभेट फुकाउने सल्लाह गर्न ससुराली घरमा जाने कार्य हो । कतिपय स्थानमा यसलाई ठेकी भास्के वा ठेकी खाने पनि भन्ने गरेको पाइन्छ । सामान्यतया सोरकोऱ्या लिएर दुलाहाका कुटुम्ब, इस्ट वा भान्जा र घरको प्रमुख व्यक्ति जाने गरेको भेटिन्छ । सोरकोऱ्या लिएर जाने बेलामा दहीका ठेगीका साथै विवाहका समयमा काटिएका खसी वा सुँगुरको सपेटो, रक्सी, रोटी, कसार लिएर जाने प्रचलन छ । सोरकोऱ्या बोकेर जाने व्यक्तिहरूले ढोगभेटको तिथि मिति, जन्तीको सङ्ख्या, छाङ्रा वा कोसेलीसम्बन्धी आवश्यक सामग्रीको निर्क्यौल गर्ने गरेको पाइन्छ । ठूलो विवाहका समयमा ससुरालीले भनेअनुसारको कोसेली नभएमा कतिपय विवाहमा विवाद पनि हुने गरेको देखिन्छ ।

## विवाह कोसेली वा छाङ्रा

विवाहका लागि मगर समुदायले विभिन्न किसिमका कोसेलीहरू बनाएको पाइन्छ । कोसेलीलाई विभिन्न मगर समुदायमा कतै पावर, कतै पाहुर, कतै लिसक, कतै छाङ्रा पनि भन्ने गरेको भेटिन्छ । विवाह हुन धेरै दिन पहिले नै दुलाहाका घरमा आफन्तहरू जम्मा भएर कोसेलीहरू बनाउने गरेको पाइन्छ । विशेष गरेर जाँड बनाउने, रक्सी पार्ने, कसार बनाउने, रोटी पकाउने र सुँगुर, राँगा, खसी, बोका खोज्ने काम धेरै दिन पहिलेदेखि नै गर्ने गरेको देखिन्छ । कोसेलीका रूपमा मालारू र बालारू भनेर आमा र बुबाका लागि छुट्टाछुट्टै भागहरू तयार गरेको पाइन्छ । यसका लागि रूमालले बाँधेका

नरिबलसहितका कसारका ठूला डल्ला, रक्सी, रोटी आदिका दुईओटा भागहरू बनाउने चलन छ । कतिपय घरमा त बुबाका लागि बाउखसी भनेर एउटा खसी पनि लिने गरेको देखिन्छ । यसै गरी भाइचार भनेर दुलही तिरका दाजुभाइहरूका लागि र मावली चार भनेर दुलहीका मावलीका लागि पनि कोसेली लैजाने गरेको भेटिन्छ । यसका लागि पनि रोटी, कसार, रक्सी र सुँगुर वा खसी लिने गरेको पाइन्छ । यो भाइचार र मावलीचार कोसेलीलाई दाजुभाइ तथा मावली खलकले बाँडेर खाने र दाइजोका रूपमा भाँडाकुँडा र नगद रूपैँया दिने गरेको देखिन्छ । यसरी नै फुपूचार भनेर फुपूहरूका लागि र सँगिनाचार भनेर दुलहीका साथीहरूका लागि रोटी, कसार, रक्सी र कपडाहरू लगिदिने र फुपू र सँगिनाहरूले पनि दाइजो र नगद दिने गरेको पाइन्छ । यसप्रकारको छाङ्रालाई भान्जा वा कुटुम्ब (इस्ट)ले बोकेर लैजानु पर्ने हुन्छ । कतिपय आमाहरूले भने आमाको काख छुटाउने भनेर केही रूपैँया पनि लिने गरेको पाइन्छ । मगर समुदायमा दाइजोभन्दा पनि कोसेली खाने कुरा महत्त्वपूर्ण मानिन्छ । रोल्पा रूकुमतिर भने यसप्रकारको कोसेली माइती पक्षले पनि दिने गरेको पाइन्छ । क-कसले कुन-कुन प्रकारको कोसेली खाने भन्ने कुराको निर्क्यौल मागी विवाह भएमा मगनीको समयमा र भागी विवाह भएमा सोरकोऱ्या बुझाउने समयमा टुङ्गो लगाउने गरेको देखिन्छ ।

## विवाह पद्धति

मगर समुदायमा विवाह सम्पन्न गर्न कुल खान्दानको जान्ने सुन्ने व्यक्तिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । विशेष गरेर मगर समुदायमा सामुहिक रूपमा विवाह विधि सम्पन्न गरेको पाइन्छ । जो-जसले जानेको छ उसले जानेको कुरा भन्दै जान्छ र विवाह कर्म पनि सम्पन्न गर्दै गइन्छ । मगर समुदायले विवाह सम्पन्न गर्न घर विवाह, घर परिचय वा टीकाटाला र माइती विवाह, माइती परिचय वा ढोगभेट गर्ने गरेको देखिन्छ, जसको चर्चा निम्नानुसार गरिन्छ-

## घर विवाह

घर विवाहलाई  घर परिचय वा टीकाटाला गर्ने पनि भन्ने गरेको पाइन्छ । जुनसुकै प्रकृतिको विवाह भए पनि घर विवाह गर्दा सर्वप्रथम दुलहीलाई घर भित्र्याउने काम गरिन्छ । यसका लागि घरभित्रका सबै मानिसलाई घरबाहिर निकालिन्छ । अनि दुलाहा दुलहीलाई ढोकाको सिँगारमा गोबर राखी त्यसमा टीका, दुबो राख्न लगाएर घरमा भित्र्याइन्छ । मगर भाषामा दुलही घरभित्र पसाउनुलाई ठापचेक अर्थात् पाइला काट्ने भनिन्छ । कतिपय स्थानमा कुटुम्बलाई घर पोत्न लगाएर कुखुराको भाले काटेर दुलहीलाई घरमा भित्र्याएको पनि पाइन्छ । सामान्यतया यस अवस्थामा दमाहालगायतका नौमती बाजाहरू बजाउने र बन्दुक पड्काउने गरिन्छ । त्यसपछि दिनभरी जसो नौमती बाजामा नाच्ने, गाउने र बन्दुक पड्काउने गरिन्छ । घरभित्र पसिसकेपछि घरको मैने खामो (जहाँ घरका कुलदेवता राखिएको हुन्छ) मा दुलही र दुलहालाई टीका लगाउन लगाएर दुलहीलाई आजदेखि दुलाहाको कुल गोत्रमा मिसिएको घोषणा गर्न लगाइन्छ । यसपछि दुलाहा दुलहीलाई एकै ठाउँमा बसाएर विवाहका अन्य प्रक्रिया अगाडि बढाइन्छ । घरभित्र पसी सकेपछि दुलाहालाई बाँया र दुलहीलाई दाँया राखेर पहिले दुलाहालाई र पछि दुलहीलाई टीका लगाइन्छ । घर विवाहमा दुलाहालाई पहिलो प्राथमिकता दिइन्छ (श्रेष्ठ, २०८०) । यस अवस्थामा कतिपय मगर समुदायमा एकअर्कामा माला लगाइदिने, सिँदुर लगाइदिने, जुठो खाने लगायतका कार्यहरू गरिन्छ भने कतिपय स्थानमा सिधै टीकाटाला गरिदिने गरिन्छ । यस समयमा दुलहीका कपडा फेरिदिने

र गहना लगाइदिने गरिन्छ । टीकाटाला गर्ने क्रममा छोरी बहिनीबाहेक अधिकांशले दुलाहा दुलहीलाई दक्षिणा स्वरूप नगद रूपैँया र अन्य वस्तु उपहार दिने गरेको पाइन्छ । भान्जी, छोरी, बहिनीलाई भने दुलाहा दुलहीले दक्षिणा दिएको देखिन्छ । टीका दक्षिणापछि घर परिवार, इस्टमित्रसँग दुलहीलाई चिनाउने र ढोगभेट गर्ने गरिन्छ ।

घरविवाहमा आएका पाहुनाहरूका लागि भोजभतेर गरेर खुवाउने चलन छ । भोजका लागि दाल, भात, तरकारी, अचार, चटनीका साथै सुँगुर, राँगा र खसी काटेर पाहुनाअनुसारको भोज खुवाउने गरिन्छ । सामान्यतया भोज खुवाउँदा मालुको पात वा सालको पातबाट बनेका टपरी, दुना, बौताको प्रयोग गर्ने गरिन्छ । भोज खुवाउनका लागि तरूण तरूणीहरू खटिएका हुन्छन् । एकातिर केही युवायुवतीहरू खानाका परिकारहरू तयार गरिरहेका हुन्छन् भने अर्कातिर जाँड छान्नेहरू जाँड बनाइरहेका हुन्छन् । विवाहमा उपस्थित अधिकांश व्यक्तिहरू जाँड, रक्सी खाने र रमाइलो गर्ने गरेको पाइन्छ । एकातिर सोरठी नाचका नचारूहरू नाचिरहेका हुन्छन् भने अर्कातिर युवायुवतीहरू अन्य गीतमा नाचगान गरिरहेका हुन्छन् । विवाहको समयमा युवायुवतीहरू दोहोरी पनि गाउने गरेको पाइन्छ । यसरी नाचगान गर्ने सोरठीका नचारू तथा अन्य नाचगान गर्ने युवायुवतीलाई घरमुलीले दक्षिणा स्वरूप दान पनि दिने गरेको पाइन्छ ।

## माइती विवाह

दुलहीको माइती घरमा गरिने विवाहलाई माइती विवाह भनिन्छ । माइती घरमा गरिने विवाहलाई नै मगर समुदायमा सानो विवाह र ठूलो विवाह भन्ने गरेको पाइन्छ । यस विषयमा माथि नै सामान्य चर्चा भइसकेको छ । यहाँ भने माइती विवाह सम्पन्न गर्ने विधिको मात्र चर्चा गरिन्छ । माइती विवाहलाई स्थानअनुसार माइती परिचय, टीकाटालो, टीका फुकाउने, ढोगभेट खुलाउने आदि पनि भन्ने गरेको पाइन्छ । मगर भाषामा यसलाई टे फोसाक्के भनिन्छ । माइतीमा गरिने ठूलो विवाहका लागि दुलाहाका घरबाट निश्चित सङ्ख्यामा जन्ती जाने प्रचलन छ । जन्ती जाँदा नौमती बाजाका साथै दुलहीका लागि खटौली, दुलाहाका लागि घोडा पनि लैजाने गरिन्छ । साथमा छाङ्राका रूपमा विभिन्न व्यक्तिका लागि रोटी, कसार, रक्सी, सुँगुर, खसी, रागा लगिदिने चलन छ । जन्तीहरू माइती घरको नजिक पुगेपछि इस्ट पक्षलाई जन्ती आइपुगेको जानकारी गराइन्छ । यस समयमा माइती पक्षका महिलाहरूले अक्षता पर्सिएर जन्तीको स्वागत गरेको भेटिन्छ । यसका साथै यस समयमा बन्दुक पड्काउदै नौमती बाजा बजाएर स्वागत गर्ने गरिन्छ । अठार मगराततिर जन्तीलाई माइती पक्षका चेलीहरूले सिस्नो लगाएर दुलाहलगायतका जन्तीलाई स्वागत गरेको देखिन्छ । यसप्रकारको प्रचलन बाह्र मगरात क्षेत्रको कास्की साराङ्कोट उर्ला गाउँका पुन मगरले पनि गर्ने गरेको पाइन्छ (घर्ती मगर, २०६४, पृ.३०) । बाग्लुङतिर भने माइती पक्षले चिरागले स्वागत गरेपछि दुलहीका मावली खलकले अक्षता पर्सिएर जन्तीको स्वागत गरेको भेटिन्छ । यहाँ भान्जीको विवाहमा मावलीको महत्त्वपूर्ण भूमिका हुन्छ । यस दिन विशेष प्रकारको खाना पकाएर मावली खुवाउने चलन मगर समुदायमा पाइन्छ (सन्देश मगर, २०७६) । त्यसपछि माइती पक्ष र माइती पक्षका व्यक्तिहरू भेट हुने निश्चित गरिएको निर्धारित स्थलमा खाँरा खेल्ने गरेको पाइन्छ । खाँरा खेल्नका लागि दुबै पक्षका खेलाडीहरूले सुरुमा बन्दुक पड्काएर सीमा निर्धारण गर्ने र तरवार लिएर आफ्नो कला कौशल देखाउने गरेको देखिन्छ । खाँरा खेल्ने क्रममा विपक्षीले पहिरिएको टोपी तरवारले फालिदिने, जुँगा छेकिदिने गरेको चर्चा पनि सुन्न पाइन्छ । केही समय यो

खेल गरेर रमाइलो गर्ने गरिन्छ ।

स्वागत गरिसकेपछि रोल्पातिर दुलही पक्षका युवतीहरूले दुलाहा र दुलाहाका बुबा लगायतका व्यक्तिलाई केराको थाम (बोट) का मादल बनाएर बोकाइदिने गरेको पाइन्छ । यसरी लगाइदिएको मादल राती सुत्दासमेत छोडाउन नपाउने र दुलाहाको घरमा आएर मात्र छोडाएर अगेनामाथिको भारमा राखेमा अनिष्ट नहुने जनविश्वास मगर समुदायमा पाइन्छ । भार भनेको बाँसको चोयाँले बुनेको अन्नपात सुकाउने बस्तु हो । केराको बोटको मादललाई माइती घरमा नै कुनै व्यक्तिले छोडाएको देखिएमा माइती पक्षले जरिवानासमेत गर्ने गरिन्छ । रूकुमतिर भने दुलाहालगायतका व्यक्तिलाई भेडेकुराको टोपी, इस्टकोट आदि बनाएर लगाइदिने गरेको देखिन्छ । टोपीमा कुखुराका प्वाँखहरू पहिराइदिएर जन्तीहरूलाई सिँगारेको पाइन्छ । भेडेकुराबाट बनेका यी सामग्रीहरू पनि जन्तीले घर नफर्कदासम्म छोडाउन नपाउने प्रचलन रहेको भेटिन्छ । यी सामग्रीहरू पहिरिएर जन्तीहरू दुलहीको घरमा गएर विवाह कार्य सम्पन्न गरेको देखिन्छ । ज्वाइँ भित्र्याई सकेपछि भोज खाएर जन्तीलाई तोरीको तेल लगाउन दिने र हुक्का भरी त्यसमा खुर्सानीको धुलो मिसाएर ज्वाइँ तथा जन्तीलाई सुँघाउने गरिन्छ (घर्ती मगर, २०६४, पृ.३१) । यसो गरेमा दुलाहा दुलहीलाई अरूको आँखा लाग्दैन भन्ने जनविश्वास मगर समुदायमा रहेको पाइन्छ ।

यसै गरी कतिपय मगर समुदायमा जन्तीहरूलाई दुलही पक्षका चेलीहरूले हात धुलाईदिने र सगुनका रूपमा रोटी, मासु, जाँड, रक्सीले स्वागत गरी खाना खान दिएको पाइन्छ । खाना खाइसकेपछि माइती पक्षले मूल्य अङ्कित सालका पातको आकर्षक झोला बनाएर दुलाहा, दुलाहाको बुबा र लोकन्तेलाई हस्तान्तरण गरेको देखिन्छ । झोला प्राप्त गरेपछि उनीहरूले हाउभाउसहित नाचगान गरेर उक्त झोलामा मूल्यअनुसारको रकम राखेर माइती पक्षलाई फिर्ता गरेको पाइन्छ । यसपछि माइती पक्षले सालको पातको टपरी (बर्नौली)मा राखेको सुँगुरको दाह्रालाई दुलाहा पक्षको तोकिएको व्यक्तिले मुखमा च्यापेर बाघको अभिनय गर्दै भान्सामा गएर विशेष प्रकारको खाना खोज्ने पर्यत्न गर्दछ भने दुलही पक्षको तोकिएको व्यक्तिले कुकुरको अभिनय गर्दै उक्त बाघलाई भान्साभित्र छिर्न नदिने कोसिस गर्दछ (सन्देश मगर, २०७६) । यसरी अभिनय र नाचगानसिहत रमाइलोसँग विवाह कार्यक्रम सम्पन्न गरेको देखिन्छ । यहाँ केटी पक्षले मागेअनुसारका चामल, मासु, रोटी, रक्सीलगायतका आवश्यक सामानहरू विवाहको अघिल्लो दिन केटा पक्षले केटी पक्षका घरमा पुऱ्याउनु पर्ने हुन्छ । यही वस्तु जन्ती तथा निम्तालुहरूलाई भोज खुवाउने प्रचलन छ ।

माइती विवाहमा सबैभन्दा पहिले दुलाहा दुलहीलाई माइती घरमा भित्र्याइन्छ । त्यसपछि टीकाटालाको कार्यक्रम चलाइन्छ । सुरूमा आफन्तहरूले दुलाहा दुलहीलाई टीका लगाइदिने र दुलाहा दुलहीले मान्यजनलाई पैँसा, रोटी, रक्सी, कपडा राखेर ढोग्ने र माइती पक्षले दुलाहा दुलहीलाई आशिष् दिने गरेको पाइन्छ (घर्ती मगर, २०६४, पृ. २६) । हालआएर मूल रूपमा बाह्र मगराततिर र कतिपय अठार मगराततिर आफन्तद्वारा दुलाहा दुलहीको गोडा धोएर खाने, टीका लगाइदिने र दक्षिणा गर्ने गरिन्छ । टीका लगाउँदा घर विवाहको ठीक उल्टो दुलहीलाई बाँया र दुलाहालाई दाँया राखेर पहिले दुलहीलाई र पछाडि दुलाहालाई टीका लगाइन्छ । माइती विवाहमा दुलहीलाई पहिलो प्राथमिकता दिइन्छ (श्रेष्ठ, २०८०) । टीका दक्षिणाका क्रममा दुलाहालाई माइतीतिरका आफन्तसँग परिचय गराउने र ढोगभेट गर्ने गरिन्छ । यसैबाट ढोग खुलेको मानेर यसपछि भेट हुँदा साइनोअनुसार ढोग गर्ने प्रचलन रहेको देखिन्छ । गोडा धोएर खाने बेला टीका दक्षिणा छुट्टै र गोडेधोई भनेर छुट्टै रूपैँया वा भाँडाकुँडा दिने गरेको

पाइन्छ । गोड्धोइमा जम्मा भएको सम्पूर्ण रकम दुलाहा पक्षलाई उपलब्ध गराउने प्रचलन रहेको छ । यस अवसरमा समधी समधिनाका रूपमा रहेका व्यक्तिहरूले टीका दक्षिणा गरेको भेटिन्छ । मगर समुदायमा समधी समधिना नभनेर दुलाहाको बुबाले दुलहीका आमा बुबालाई जेठान, दिदी वा साला, बहिनी र दुलाहाकी आमाले दुलहीका आमा बुबालाई दाजु, भाउजु वा भाइ, बुहारी नाता गरेको पाइन्छ । माइती विवाह भइरहेको अवस्थामा घर विवाहमा भैँ नाच्ने, गाउने, भोज खाने गरेको पाइन्छ । घर विवाह गरिने भान्साकै शैलीमा भोज गर्ने, जाँड, रक्सी खाने र रमाइलो गर्ने गरिन्छ । माइती पक्षले जन्ती विदाई गर्ने समयमा दुलाहा दुलहीलाई थाल, बटुकामा दीप बालेर दुध र चामलको टीका लगाइदिने र दुलाहा दुलहीले ढोग गर्ने गरेको पाइन्छ ।

## भित्र पस्ने र पाइला फर्काउने

मगर समुदायमा विवाह कार्यक्रम सकिएपछि दुलाहा, दुलही लगायतका पाँच, सात, नौ वा एघार जना व्यक्तिहरू रोटी, कसार, रक्सीका लिएर माइतीका घरमा जाने प्रचलन छ । घर विवाह समपन्न गरेको तीन दिनदेखि एघार दिनसम्म बिजोर दिनमा भित्र पस्न जाने गरिन्छ । भित्र पस्न जाँदा माइतीको घरको सिँगारमा गोबर राखी टीका लगाएर घरभित्र पस्ने गरिन्छ । घरभित्र पसेर पुनः टीका लगाउने गरिन्छ । घरभित्र पसेर फर्केको केही दिनपछि पाइला फर्काउने भनेर पुनः दुलाहा, दुलही मात्र माइती घरमा जाने प्रचलन मगर समुदायमा पाइन्छ । यसरी पाइला फर्काउन जाँदा दुलहीका आफन्तका घरमा गएर पुनः परिचय दोहोऱ्याउने काम पनि गरिन्छ ।

## अवैध विवाह

सामान्यतया मगर समुदायमा ठूलो विवाह गर्नु अगाडिको वैवाहिक अवस्थालाई अवैध विवाह मान्ने गरेको पाइन्छ । यसका साथै विवाह नै नगरी माइती घरमा युवती गर्भवती भएमा पनि त्यस्तो विवाहलाई अवैध विवाह भन्ने गरेको देखिन्छ । विवाह गरेको जानकारी नै नभई माइती घरमा युवतीले बच्चाको जन्म दिएमा त्यस्तो बच्चालाई अठार मगरातमा नामरे (ठिमाहा) भन्ने गरिन्छ । बाबुको राम्ररी पहिचान नभएकाले यस्तो बच्चालाई यसरी नामकरण गरेको देखिन्छ । नामरेको जन्म भएपछि वा युवती गर्भवती भएको अवस्थामा युवतीको बयानका आधारमा अभियुक्तलाई बोलाई छलफल गराइन्छ । यसरी छलफलमा अभियुक्तले विवाह गर्ने उद्देश्यका साथ शारीरिक सम्बन्ध राखेको स्वीकार गरेमा बच्चा र आमालाई उसैको जिम्मा लगाइन्छ । यदि निजले यौन उत्तेजनामा रहरले शारीरिक सम्बन्ध राखेको हो भन्ने बयान दिएमा बलात्कार गरेको ठहर गरेर निजलाई आवश्यकताअनुसार जरिवाना गरिन्छ । यसका साथै बच्चा छोरा भएमा १५ वर्षपछि अंशबण्डा दिने र छोरी भएमा विवाह गरिदिने गरी चलअचल सम्पत्ति छुटाइदिने गरिन्छ (घर्ती मगर, २०६४, पृ.२८) । यसप्रकारको छलफल मगर समुदाय आफैले गरेको देखिन्छ । यस्तो प्रचलन भने हाल आएर मगर समाजमा हराउँदै गएको पाइन्छ ।

## निष्कर्ष

मगर समुदायमा प्रचलित विवाह संस्कार मौलिक प्रकृतिको रहेको पाइन्छ । सामान्यतया मागी विवाह, भागी विवाह र चोरी विवाहहरू मगर समुदायमा प्रचलनमा रहे पनि हालआएर चोरी विवाह भने अस्तित्वमा रहेको देखिँदैन । हालसम्म पनि मगर समाजमा पहिलो चरणमा सानो विवाह र दोस्रो चरणमा ठूलो

विवाह गर्ने परम्परा रहेको पाइन्छ । घरमा गरिने विवाह, बनबाखी, सोरकोऱ्या, माइतीमा गरिने विवाह, भित्र पस्ने, पाइला फर्काउनेजस्ता विवाह विधिहरू मगर समुदायका विवाह संस्कारका विधि हुन् । कुनै निश्चित पुरेत बिना समाजका जान्नेमान्ने व्यक्तिको सहकार्यबाट मगर विवाह सम्पन्न गरिन्छ । खाँरा खेल्नु, केराका बोटको मादल भिराइदिनु, भेडेकुराको टोपी र इस्टेकोट लगाइदिनु, सालका पातको झोली भिराइदिनु मगर समुदायका मौलिक विवाह विधि हुन् । माइती घरमा गरिने भोजको व्यवस्था दुलाहा पक्षले नै व्यवस्था गरिदिने, कोसेली वा छाङ्रा साटासाट गर्ने, सम्पूर्ण कोसेली आफन्तजनले बाँडेर खाने र दाइजो वा उपहार सामूहिक रूपमा दिने पद्धति पनि मगर विवाहको आफ्नै पहिचान हो ।

## सन्दर्भ सामग्री


घर्ती मगर, रणप्रसाद (२०६४). *नेपालको मगर आदिवासी जनजाति खस राज्यको परिचय.* धनमाया घर्ती मगर, धनकुमारी घर्ती मगर ।

श्रीस मगर, मीन (२०६७). *मगर जातिको चिनारी.* आदिवासी जनजाति उत्थान राष्टि«य प्रतिष्ठान ।

सन्देश मगर, रूद्र (२०७६). *मगर जातिका संस्कार र संस्कृतिहरू.* Revised form eadarsha.com/nep/article/मगर-जातकिा-संस्कार-र-संस्/ on 04th july 2024.

सिँजाली मगर, संजय (२०८०). *मगरको विवाह र मृत्यु संस्कार एक परिचय.* Revised form https://onlinedabali.com/archives/90725 on 04th july 2024.

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* शिखा बुक्स ।

श्रेष्ठ, सविना (२०८०). *मगरहरूको विवाहमा चाहिने बन्दुक र रक्सी.* Revised form https://www.setopati.com/cover-story/sanskriti/313879 on 04th july 2024.